आज मिति २०८२ साल चैत्र महिनाको २५ गते बुधवारका दिन विहान ८:३० बजे यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय पारित गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | नगर उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | कलक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | भीम बहादुर खड्का (पूर्ण) | (का.वा.) वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | प्रेम बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | शिवराज जोशी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | गोपाल बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | उत्तरा कुइकेल खड्का | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | धर्मराज रसाईली | कार्यपालिका सदस्य | |
| २० | लाल वहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | लोकेन्द्र वि.क. | कार्यपालिका सदस्य | |
| २२ | लाल बहादुर थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

२३. कृष्ण प्रसाद जोशी - अधिकृत छैठौं
२४. लाल बहादुर खाती आ.ले.प अधिकृत
२५. तेज ब० सिंह क.अ.
२६. विजय कुमार रजाक - प्रशासकीय अधिकृत
२७. प्रकाश चन्द्र उपाध्याय - अधिकृत छैठौं

मिति २०८२।१२।२५ गतेको कार्यपालिकाको बैठकको निर्णय

निर्णय नं. १

राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा ४ वटा विद्यालय निर्माणको लागि ६५ लाखका दरले प्राप्त भएको विद्यालय भवन निर्माण सम्बन्धमा कुन नक्सा प्रयोग गर्ने भन्ने समन्दर्भमा मिति २०८२।१२।११, च.न. १७३ को शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्रानुसार तीन वटा विकल्प दिएकोमा केन्द्रिय आयोजना इकाईको 2 Storey 4 Class Rooms (Revised on October, 2018) डिजाइन ड्रईङ्गलाई प्रयोग गरी कार्यान्वयन गर्ने र सो कार्य समय अभावका कारण विद्यालय व्यवस्थापन समिति मार्फत गराउने निर्णय पारित गरियो ।

निर्णय नं. २

यस नगरपालिका अन्तगर्त आर्थिक वर्ष २०८२/०८३ का लागि सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको सूची सार्वजनिक गरी प्राथमिकताक्रम अनुरुपका बेरोजगार व्यक्तिलाई निम्नानुसारका योजनाहरुमा निम्नानुसार खटाइने निर्णय गरियो । साथै लागत अनुमान अनुसार दक्ष मिस्त्री, निर्माण सामाग्री, सुरक्षा सामाग्रीको वापतको रकम नगरपालिकाबाट बिनियोजन भैसकेको रकमबाट व्यहोर्ने निर्णय गरियो ।

तपसिल:

| वडा नं. | योजनाको नाम | संलग्न श्रमिक संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय घेरवार निर्माण | ४ जना | |
| ३ | वडा भित्रका सडक,नाला मर्मत तथा सरसफाई कार्य | १ जना | |
| ९ | खोल्सिंगा खोला देखि पानीपाटा दलित वस्ती बाटो मर्मत कार्य | २ जना | |
| १० | चैनपुर भित्रका सम्पूर्ण सिंचाइ कुलो मर्मत तथा सरसफाइ कार्य | १ जना | |

निर्णय नं. ३

रिट निवेदक श्री नबराज उपाध्याय विपक्षी जयपृथ्वी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय चैनपुर बझाङ, ऐ कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृत लाल बहादुर खाती भएको मुद्धा नम्बर ०८२-Wo-००२९ को मुद्धामा जयपृथ्वी नगरपालिकाको कार्यालय र ऐ का निमित्त प्रमुख प्रशाकीय अधिकृत श्री लाल बहादुर खातीका तर्फबाट उच्च अदालत दिपायल, डोटीमा लिखित जवाफ पेश गरी तारेख लिइ पुर्पक्ष समेतका सम्पूर्ण कामकाज गर्नका लागि अधिवक्ता भुपालराज जोशी प्र.प.नं. ९४८४ लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२०८२/१२/२५

CamScanner

**निर्णय नं. ४**

यस बैठकमा पेश भएका देहाय बमोजिमका कार्यविधि, निर्देशिका, कार्ययोजनालाई थप अध्ययनका लागि समय दिई स्वीकृतिको लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

1. जयपृथ्वी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२
2. प्रारम्भिक बालविकास तथा शिक्षा निर्देशिका, २०८२
3. जयपृथ्वी नगरपालिकाको लैंगिक समानता तथा समाजिक समावेशिकरण नीति तथा योजना,२०७८ कार्यान्वयनका लागि बृहत कार्ययोजना,२०८२
4. सुरक्षित आवास गृहहरुको सम्वन्धमा गुनासो सुनुवाई र व्यवस्थापन सम्वन्धी निर्देशिका

**निर्णय नं. ५**

त्रिशक्ती सल्लीपाटन सामुदायिक बनको क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सुदूरपश्चिम प्रदेश सरकारबाट स्वीकृति भइसकेको सन्दर्भमा सो वन क्षेत्रबाट जग्गा प्राप्ति गर्न संघीय सरकारको सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

आर्थिक वर्ष २०८२।०८३ मा संघीय सरकारवाट यस जपृथ्वी नगरपालिका वडा न. ११ अन्तर्गत पर्ने छेडगाउँ खानेपानी योजना सुइल मयानाका लागि (रातो किताबको सि.न. ८११) बजेट बिनियोजन भएकोले उक्त आयोजना यस क्षेत्रको लागि अति आवश्यक भएकोहुँदा आयोजना कार्यान्वयन तथा निर्माणको प्रक्रिया अगाडी बढाई दिनहुन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।